दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २८३ | बुटवल | २०८१ असोज २३, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday Oct. 09, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु

बुटवल । बुटवल बँदेलपोखरी माथिको नुवाकोट डाँडाबाट बुटवलतर्फ आउँदै गरेको मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक बुटवल उप-महानगरपालिका-११ बुद्धनगरका १९ वर्षीय विशाल परियार र पछाडि सवार दाङको राप्ति गाउँपालिका-२ का १८ वर्षीय दिनेश कुँवरको मृत्यु भएको हो ।

सोमबार साँझ पाल्पाको तिनाउ गाउँपालिका २ मा पर्ने नुवाकोटमा बास बसेर मंगलबार बिहान उनीहरु लु ४१ प २०१० नम्बरको मोटरसाइकलमा बुटवल फर्कंदै थिए । बुटवल- १३ मा पर्ने बुटवल भ्यू प्वाइन्ट निर आउँदा मोटरसाइकल सडकबाट ६० मिटर तल खस्दा चालक र पछाडि सवार दुबैजनाको मृत्यु भएको इलाका प्रहरी कार्यालय बुटवलका इन्सपेक्टर धर्मराज खत्रीले बताए ।

उक्त स्थानमा केही महिना अघि भएको कार दुर्घटनामा एक पुरुष र दुई महिलासहित तीन जनाको ज्यान गएको थियो ।

# अकबरे खुर्सानी बेचेर बाह्र सय किसानको दसैं खर्च

**कृष्ण पोखरेल**

*पाल्पा*

पाल्पा रिब्दीकोटका कृषकहरुले खुर्सानी बेचेर दसैं खर्च जुटाएका छन् । गाउँपालिकाका १ हजार २ सय कृषकहरुले दसैं खर्च जुटाउने मुख्य आयश्रोत नै अकबरे खुर्सानी रहेको छ । गाउँपालिकाको पहिचान नै अहिले अकबरे खुर्सानी बनेको छ । गाउँपालिकाभित्रका ८ वटै वडाका किसानले अकबरे खुर्सानी खेती गर्दै आएका छन् । अकबरे खुर्सानीबाट रिब्दीकोटका कृषकले न्यूनतम ५० हजारदेखि अधिकतम ३० लाख रुपैयाँ वार्षिक रुपमा आम्दानी गर्दै आएका छन् । अहिले खुर्सानी बिक्री गर्न कृषकहरुको हार्थोक संकलन केन्द्रमा दैनिक रुपमा भिडभाड बढेको छ । पहिले हप्ताको दुई दिन मात्र संकलन केन्द्रमा बिक्री हुन्थ्यो, अहिले दसैं नजिकिएसँगै संकलन केन्द्रमा दैनिक बिक्रीको व्यवस्था मिलाइएको छ

तीन हजार खुर्सानीका बिरुवा लगाएका दलबहादुर रानाले एक महिनाको अवधीमा एक लाख रुपैयाँको खुर्सानी बिक्री गरिसकेका छन् खुर्सानी बिक्रीबाटै दसैं खर्च जुटाएको रिब्दीकोट गाउँपालिका वडा नं. २ का रानाले बताए । यो सिजनमा कम्तीमा दुई लाख रुपैयाँ खुर्सानी बेचेर कमाउने रानाले बताए ।

'पहिले पहिले लाहुरे, जागिरेले मात्रै दसैंमा टन्न पैसा लिएर घरमा आउँथे, अहिले हामीले घरमै बसिबसि परिवारसँग रमाएर दसैं खर्च जुटाएका छौं ।'- रिब्दीकोट देउरालीका लक्ष्मण प्रसाद आचार्यले भने । दुई हजार खुर्सानीको बोटबाट पाँच लाख रुपैयाँ सजिलै कमाउन सकिन्छ, किन अमेरिका, जापाना, कोरिया जानु पर्‍यो र ? हाम्रै खेतबारीमा अमेरिका, जापाना छ, अलिकती मेहनत गरेमा खुर्सानी खेती गरेर वार्षिक पाँच सात लाख रुपैयाँ कमाउन सकिने आचार्यको अनुभव रहेको छ । पुरुषलाई मात्र होइन, रिब्दीकोटका महिलाहरुलाई पनि अहिले दसैंको खुसियाली छाएको छ । एक दुई रोपनी बारीमा लगाएको अकबरे खुर्सानीको आम्दानीले महिलाहरुले पनि दसैंको किनमेल राम्रोसँग गरेका छन् । 'पहिले पहिले श्रीमानसँग दसैंमा किनमेलको लागि पैसा



माग्नु पर्थ्यो भने अहिले हामीले कमाएर दसैं मनाउन श्रीमानलाई पैसा दिने वातावरण अकबरे खुर्सानीले दिलाएको छ ।'-रिब्दीकोट ४ भारकोटकी तिल कुमारी रानाले भनिन् । खेतबारीमा लगाएको अन्नपात बाँदर, बँदेल दुम्सी, राते मृग, सुगालगायतका वन्यजन्तुले हानी नोक्सानीबाट हैरान परेका किसानहरुको लागि अकबरे खुर्सानी विकल्पको रुपमा रोजेको रिब्दीकोट ३ की विनु गौतमले बताइन । रिब्दीकोटका अधिकांश किसानहरुले मकै तथा अन्य अन्नबालीको विकल्पमा खुर्सानी खेती गर्दै आएका छन् । अकबरे खुर्सानी बाँदर, बँदेल, दुम्सीले नखाने र मकै, गहुँभन्दा राम्रो आम्दानी हुने भएकोले किसानहरु सक्रिय भएर खेतीमा जुटेका छन् ।

हामी मगर जातजातिको दसैंलगायत चाडपर्वमा खर्च ठूलो हुन्छ, पहिले पहिले म पनि विदेशमा कमाएर गाउँमा दसैं मनाउन पैसा पठाउँथे । अहिले ३ वर्षदेखि गाउँमै बसेर अकबरे खुर्सानी खेती गर्दै आएको छु ।

» बाँकी २ पेजमा

# नगर प्रहरीको दुर्व्यवहार र मासु कब्जापछि व्यवसायी महिलाको आत्महत्या प्रयास

वर्षौंदेखि गुणस्तरीय मासु बेच्दै आएकी व्यवसायी महिलामाथि नगरप्रहरीको दुर्व्यवहारले अपमान महसुस गर्दै विक्षिप्त बनी विष सेवन गरी आत्महत्या प्रयास गरेपछि अरुले रोकेका थिए ।



**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रमुख जिल्ला अधिकारी, एमालेसहित ६ दलको आग्रहलाई कुल्चिँदै बुटवल उप-महानगरले मासु व्यवसायीमाथि निरन्तर धरपकड गरेको छ । मंगलबार सुख्खानगरस्थित सुपा देउराली मासु पसलमा पुगेको सशस्त्र प्रहरीसहित उपमहानगरको अनुगमन टोलीले पसलधनी बिमा थापालाई नगर प्रहरीले समातेर दुर्व्यवहार गर्दै करिब २५ केजी मासु कब्जा गरेर ५० हजार जरिवना काटेपछि घटनाले झण्डै अप्रिय रुप लिएन । वर्षौंदेखि गुणस्तरीय मासु बेच्दै आएकी व्यवसायी महिलामाथि नगर प्रहरीको दुर्व्यवहारले अपमान महसुस गर्दै विक्षिप्त बनी बिमाले विष सेवन गरी आत्महत्या प्रयास गरेको र अरुले रोकेर अप्रिय घटना हुन नपाएको मासु व्यवसायी संघ रुपन्देहीका अध्यक्ष विशाल थापाले बताए । सशस्त्र प्रहरीसहित ठूलो समूहमा आएर अपराधीलाई जस्तो गरी सार्वजनिक बेइज्जती हुने गरी धरपकड गरेपछि व्यवसायी महिलाले आत्महत्या प्रयास गरेको अध्यक्ष थापाले बताए । 'राम्रो मासु बेचेर नाम कमाएको पसलमा गएर नगर प्रहरीले महिलाई समातेर मासु कब्जा गरेको घटनाले बिमा थापाले असाध्यै अपमान र सार्वजनिक बैजेति भएकोनत महसुस गरेर अब व्यवसाय गर्न नपाइने रहेछ भन्दै आत्महत्याको लागि विष सेवन गर्न लागेको थाहा पायौं, तत्कालै गएर कब्जा भएको मासुको मूल्य बराबर रकम म दिन्छु भनेर सम्झाएर अप्रिय घटना हुनबाट रोक्यौं,'- अध्यक्ष थापाले भने-'यदि कुनै व्यवसायीमाथि अप्रिय घटना भएको त्यसको जिम्मेवारी उप-महानगर नेतृत्वले लिनुपर्छ ।'

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले अनुगमन गरे पनि तत्काल कारबाही नगर्न आफूले निर्देशन दिएको स्पष्ट पार्दै सरोकारवालाबिच छलफल गरेर निष्कर्षमा पुग्नुपर्नेमा उप-महानगरबाट गलत भएको बताए ।

उप-महानगर एकलौटी ढंगले अघि बढेमा त्यो प्रत्युत्पादक हुने प्रजिअ अर्यालले बताए ।

बुटवल उप-महानगरको अनुगमन 'ज्यादती' विरुद्ध एमाले नेता बाबुराम भट्टराईले कडा प्रतिक्रिया दिएका छन् ।

उनले लेखेका छन् -'चाडबाडको मुखमा आँखाबाट टिलपिल आँसु रसाइरहेका छन्, एउटा हातले आँखाको आँसु पुछ्दै अर्को हातले सटर तानेर ताला लगाएको देख्दा कसको आँखा नरसाउँला ।

बुटवल उप-महानगरपालिका नेतृत्वको दम्भले यतिखेर यहाँका मासु व्यवसायी आँखामा टिलपिल आँसु पार्दै मनभरी पीडाको पोका पार्दै छन् ।

दसैं आयो, यही बेलामा हो, उनीहरुले मासु बेचेर दुई चारपैसा कमाएर केटाकेटीको शुल्क तिर्ने, बा आमाको उपचारको जोहो गर्ने र दुई छाक ढुक्कले जुटाउने । जनतालाई दास ठान्ने ठालुहरु बुटवल उप-महानगरपालिकाको नेतृत्वमा पुगेपछि केही समयअघि डोकामा बोकेर र ठेला डुलाएर सामान बेच्नेहरुको ढाडमा लाठी हानियो, हात भाँचियो । आङको कपडा च्यातेर बेइज्जेत गरियो । अब मासु व्यवसायी आँसु खसाल्दै छन् । सबैले यसैगरी आँसु खसाल्दै जानका लागि जनताको मत प्राप्त भएको होइन् भन्ने ठालुहरुलाई कहिले हेक्का होला । लोकतन्त्रमा जनताको आँसुको मूल्य महंगो हुन्छ । सबैले आँसु खसाल्दै बुटवल छाड्नेहरु बढ्दै गए यो सुन्दर व्यापारिक शहर कुरुप र निर्जन बन्न सक्छ । आउनुहोस्, बुटवलमा सबैले गरिखान पाउने र बाँच्न पाउने वातावरण बनाउन पहल गरौं । सबै बस्न र व्यवसाय गर्न पाउने वातावरण बन्दा नै बुटवलको भविष्य सुन्दर छ, प्रहरीको दुर्व्यवहारसहितले लुट्यो, चाडबाडको मुखमा आँखाबाट टिलपिल आँसु रसाइरहेका छन्, एउटा हातले आँखाको आँसु पुछ्दै अर्को हातले सटर तानेर ताला लगाएको देख्दा कसको आँखा नरसाउँला ।'

बुटवल उप-महानगरले किसान र आफूहरुसँगको पूर्व सहमति तोडेर निजी कम्पनीलाई वधशाला ठेक्का दिई अनुगमन र जरिवानाबाट व्यवसायीलाई पेशाबाटै विस्थापित गर्न खोजेको भन्दै भद्र अवज्ञा आन्दोलनमा छन् ।

» बाँकी २ पेजमा

डेंगु लगायत किटजन्य रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजौं र लार्भा नष्ट गरौं अभियान

डेंगु रोग सम्बन्धी जानकारी





डेंगु रोग एडिज लामुखट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन् ।
- उच्च ज्वरो आउनु ।
- आँखा, हड्डी तथा मांशपेशी भाग दुख्नु ।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्नु ।
- छालामा बिमिरा आउने ।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने ।

डेंगु संक्रमणबाट बच्ने एक मात्र उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु हो ।
त्यसैले डेंगुबाट बच्न तलका उपायहरु अपनाऔं ।
- लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने स्थान पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुल्ला भाँडामा पानी जम्न नदिने ।
- सधैं झुल टाँगेर सुत्ने ।
- खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउने ।
- घरको झ्याल ढोकामा जाली हाल्ने ।
- सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गरौं ।
- घर पालुवा पशुपंक्षी व्यवस्थित ढंगले पालौं ।
- डेंगुका लक्षण देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.),
लुम्बिनी प्रदेश, नेपाल

नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण वडाबासी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सम्मरीमाई गाउँपालिकाको अनुरोध

-सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
राजेश मल्लाह — प्रमुख प्रशासकीय अधिकृत
कुमारी प्रियंका शाही सिंह — उपाध्यक्ष
विनोद कुमार श्रीवास्तव — अध्यक्ष

सम्मरीमाई गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
फरेना, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

हार्दिक शुभकामना



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ
पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मोहन भुसाल
अध्यक्ष (तथा)
राष्ट्रिय यातायात उद्यमशील मजदुर भलाइकोष परिवार
बुटवल-७, दीपनगर, रुपन्देही

## सम्पादकीय

# दसैंमा सुरक्षा योजना

दसैं हिन्दु नेपालीको महान पर्व हो । बहुसंख्यक नेपाली हिन्दु धर्म संस्कृति मान्ने भएकाले यो पर्व राष्ट्रिय पर्वको रुपमा स्थापित भएको छ। अध्ययन, रोजगारी र व्यवसायका लागि घर छाडेकाहरु पर्व मनाउन घर फर्कन्छन् । पारिवारिक र सामाजिक मिलनको पर्वको रुपमा पनि दसैंलाई लिइन्छ ।

चाडपर्वमा सुरक्षा जोखिम उच्च हुन्छ। गाउँमा शहरबाट गाउँ पसेकाहरुबिच बेमेल हुनसक्छ । शहरमा यही बेला हो, चोरी डकैती हुने जोखिम । चोरी नियन्त्रण गर्नका लागि प्रहरीले चाडपर्व विशेष सुरक्षा योजा बनाएर अपराध नियन्त्रणमा सक्रिय छ । यद्यपी प्रहरीलाई पर्याप्त उपकरण र साधनको अभाव छ । सीमित प्रहरी जनशक्तिले पनि सुरक्षा योजनालाई प्रभावकारी कार्यान्वयनका लागि अहोरात्र खटिएका छन् । अहिले नेपाल प्रहरीको संख्या एक लाख हाराहारीमा छ । यो जनशक्तिको परिचालनले मात्रै सुरक्षा योजना कार्यान्वयन प्रभावकारी बनाउन चुनौतीपूर्ण छ। प्रहरीलाई समुदायको साथ र सहयोग आवश्यक पर्छ। समुदायप्रति प्रहरीको जति सकारात्मक भाव आवश्यक छ, प्रहरीप्रति नागरिकको सहयोग जरुरी छ ।

चाडपर्वमा कतिपय प्रहरीले गरेका कमजोरीका कारण सिंगो प्रहरी संगठन बदनाम हुने जोखिम छ। ओभरलोड बोक्ने र सवारी साधनको क्षमताभन्दा बढी यात्रु बोक्नेलाई कानुनी कारबाही गर्नुको साटो आँखा चिम्लिएर छुट दिने प्रवृत्ति पनि छ। प्रहरीले आँखा चिम्लिएर मनपरी गर्न छुट दिँदा दुर्घटनाको जोखिम छ । चाडपर्वमा हुने दुर्घटना सवारी साधनको क्षमताभन्दा बढी यात्रु बोकेकै कारणले धेरै भएका छन् । गाडीको गति नियन्त्रण नगर्ने, सवारी साधन चालकले चलाउनुको साटो सह-चालकले चलाउने जस्ता प्रवृत्ति नियन्त्रण गर्न पनि प्रहरी कतिपय बेला चुकेको छ। यी जिम्मेवारीप्रति जवाफदेही बनाउन प्रहरी नेतृत्व सजग हुनुपर्छ।

असोज ११ गते गृहमन्त्रालयले रातिमा गाडी नचलाउन प्रहरीलाई निर्देशन गऱ्यो। प्रहरीले कार्यान्वयन गर्न बेवास्ता गर्दा झ्याप्ले खोलामा पहिरोमा गाडी पुरिदा ३५ जनाको निधन भयो । रातिमा गाडी चलाउन रोकेको भए ठूलो मानवीय क्षति नहुनसक्थ्यो । गाडी चलाइसकेपछि झ्याप्ले खोलाको जाम खुलाउन चासो दिएको भए पनि ती गाडी पास हुन्थे । त्यो दुर्घटना नहुन सक्थ्यो । तसर्थ प्रहरी सजगता महत्वपूर्ण छ । चाडपर्वमा सामान्य घटना र दुर्घटना भइहाल्छ नि भनेर बेवास्ता नगरी परिस्थितिलाई निरन्तर सामान्य बनाउन प्रहरी सक्रियता आवश्यक छ।

### अकबरे...

दसैं जस्ता चाडपर्वमा कोहि विदेशमा, कोही गाउँघरमा हुँदा नरमाइलो हुन्थ्यो, तर अकबरे खुर्सानीले हाम्रो पारिवारिक मिलन भएको छ , अहिले विदेश जान छोडेर खुर्सानी खेतीमा लागेको रिब्दीकोट २ देउरालीका कृषक जीवन रानाले अनुभव सुनाए। कृषक रानाले ३ वर्षअघि १ रोपनी जग्गामा लगाएको अकबरे खुर्सानी अहिले १२ रोपनीमा विस्तार गरेका छन् । रानाले खुर्सानी तथा तरकारी खेतीबाट मासिक एक लाख रुपैयाँ आम्दानी गर्दै आएको बताए।

गाउँपालिकाका पूर्व अध्यक्ष नारायणबहादुर जिसीले चलाएको अकबरे खुर्सानी अभियानबाट नै पाल्पाको रिब्दीकोट गाउँपालिका अकबरे खुर्सानीको पकेट क्षेत्रको रुपमा चिनिएको हो । पूर्व अध्यक्ष जिसीले कृषकको आय आर्जन वृद्धि गर्न २०७६ सालदेखि ८ वटै वडामा अकबरे खुर्सानी खेती अभियानमा सक्रिय भएर लागेका छन् । किसानहरुको अकबरे खुर्सानी प्रति विश्वास बढ्दै गएपछि रिब्दीकोटको ८ वटै वडा वडामा खेती विस्तार हुँदै गएको हो । अहिले रिब्दीकोटका किसानको लागि दसैंलगायतका चाडपर्वको खर्च पर्च जुटाउने प्रमुख आयश्रोतको रुपमा खुर्सानी खेती भएको छ। गत वर्ष चार करोडको खुर्सानी बिक्री भएकोमा यस वर्ष ६ करोडको अकबरे खुर्सानी बिक्री हुने अभियान्ता नारायणबहादुर जिसीले बताए।

कृषकले उत्पादन गरेको अकबरे खुर्सानी रिब्दीकोट अकबरे खुर्सानी उद्योगले खरिद गर्ने व्यवस्था गरेको छ। पूर्व पालिका अध्यक्ष जिसीले उत्पादनको बजार र मूल्य सुनिश्चित नभइकन खुर्सानी उत्पादनमा दिगोपन हुँदैन भनी खुर्सानी उद्योग खाली चाउचाउ कम्पनीसँग बजार सुनिश्चित गरेका छन्। गाउँपालिका, किसान र रिब्दीकोट अकबरे खुर्सानी उद्योगबिच त्रिपक्षिय छलफलबाट खुर्सानीको नर्सरी राख्नु अगाडि नै प्रति केजी २२० रुपैयाँ समर्थन मूल्य कायम गरेर कृषकहरु खुर्सानी खेती लागेका छन् । उत्पादनअघि नै मूल्य सुनिश्चित भएपछि किसानहरु उत्साहित हुँदै अकबरे खुर्सानी खेतीमा लागेका हुन्। अहिले किसानले २६० रुपैयाँमा अकबरे खुर्सानी बिक्री गर्दै आएका छन् । अहिले दसैंको समयमा दैनिक जसो र अन्य समयमा शनिबार, आइतबार बुधबार खुर्सानी संकलन गरेर बुटवल, भैरहवा, पोखरा पठाउने गरेको संकलन केन्द्रका प्रमुख रंजिव कुँवरले बताए। संकलन केन्द्रमा रिब्दीकोटसहित रैनादेवी छहरा, बगनासकाली, माथागढी र तानसेनसम्मका किसानहरुले खुर्सानी बिक्री गर्न लैजाने गरेका छन्।

रिब्दीकोटमा खुर्सानीकै कारण अधिकांश कृषकहरुमा खुसी छाएको छ । दसैं जस्ता चाडपर्वमा घरमै आम्दानीले रमाएका छन् । कृषकको अकबरे खुर्सानी अभियानलाई गाउँपालिकाले पूर्णरुपमा सहयोग गरेको छ। अकबरे खुर्सानीको बिउमा अनुदान, कृषको खुर्सानी नर्सरी व्यवस्थापनमा, रोग किरा नियन्त्रण, मल खादको व्यवस्थापनलगायतका विषयमा रिव्दीकोट गाउँपालिकाले सहयोग गर्दै आएको छ। गाउँपालिकाले आगामी दिनमा प्रदेश सरकारको सहयोगमा रेड परियोजनामार्फत् खुर्सानीलाई विविधिकरण गर्दै लैजाने गरी उद्योग सञ्चालनमा जुटेको गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले बताए। मिहिनेत गरे नेपालको माटोमा सुन फलाउन सकिन्छ भन्ने उदाहरण बनेका छन् पाल्पा रिब्दीकोटका किसानहरु। वन्य जन्तुले पनि क्षति नगरेपछि खुर्सानी उत्पादनमा वृद्धि भएको हो । घरयासीको लागि मात्र प्रयोग हुँदै आएको खुर्सानी अहिले व्यवसायिक उत्पादन हुँदा गाउँमा करोडौं रुपैयाँ भित्रिएको छ।

### नगर...

बाख्रापालक किसान र मासु व्यवसायीको सहभागितामा सार्वजनिक-निजी-उत्पादक साझेदारी (फोर पी) अवधारणामा बधशाला चलाउने पूर्व सहमति तोडेर बुटवल उपमहानगरले टेण्डरार्फत निजी कम्पनीलाई दिएपछि व्यवसायी पसल बन्द गरेर आन्दोलनमा थिए।

व्यवसायीको आन्दोलनलाई नेकपा एमालेसहित ६ राजनीतिक दलले ऐक्यबद्धता जनाएपछि व्यवसायीले पसल सञ्चालन गरेका छन् । एमाले, माओवादी केन्द्र, विप्लव नेतृत्वको नेकपा, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा र राप्रपाका नेताहरुले पनि व्यवसायीका सबै माग जायज र न्यायोचित भएको भन्दै आन्दोलनमा ऐक्यबद्धता जाहेर गरेका छन्।

# विपत्‌ले गिज्याइरहेको देश

राजेश विद्रोही

दसैंको मुखमा दुई दिनको अविरल वर्षाका कारण देशका विभिन्न भू-भागमा ठूलो जनधनको क्षति भएको छ। अहिलेसम्म दुई सयजनाको मृत्यु, तीसभन्दा बढी बेपत्ता र दुई सयभन्दा बढी घाइते भएको गृह मन्त्रालयको तथ्यांकले देखाउँछ। निजी तथा सार्वजनिक रूपमा खर्बौंको क्षति भएको छ। बाढीबाट भएको क्षतिको थप विवरण आउन अझैं बाँकी नै छ। किनभने नेपालको सरकारी संयन्त्र अझैं पनि यसखालको विपत् व्यवस्थापन, उद्धार र सावधानीमा सक्षम देखिएको छैन भने कुराको उदाहरण पटक-पटकको घटनाक्रमले पनि पुष्टि गरेको छ। यस मामिलामा सरकारभन्दा बरु थोरै नै भए पनि नागरिक स्वयं सक्षम, सचेत तथा आत्मनिर्भर देखिए, जुन सकारात्मक पनि हो। तर, शिक्षित र सहरिया लालची मानिस धेरै असचेत छन्। जसले सडक, सदन, सरकार र खोलानालामा समेत अनाहकमा आफ्नो जीवन बगाइरहेका हुन्छन्। र, उनीहरू समाचारका संवाहक बनिरहेका छन्। किनभने, हरेक ठाउँमा उनीहरू नै छन्। बिग्रिने, बिगार्ने र सपार्ने तथा जस-अपजसको सम्पूर्ण भागिदार उनीहरू नै हुनुपर्ने हुन्छ।

सम्भवतः ७० वर्षको इतिहासमा पहिलोपटक यस्तो खालको बाढी पहिरोले वितण्डा मच्चाएको मानिसहरूले बताइरहेका छन्। आजको युगमा बाढीपहिरोबाट यो स्तरको क्षति हुने जोकसैले चिताएको थिएन। किनभने ७० वर्षको इतिहासमा मुलुकले भौतिक पूर्वाधारको विकासमा निकै ठुलो फड्को मारेको चर्चा चुलिएकै थियो। नदेखिएको पनि होइन। तर, मुलुकले कस्तो खालको भौतिक पूर्वाधारको विकास पाएको थियो भन्ने कुरा दुई दिनको वर्षाले नै देखाइदियो। यसअघिका वर्षमा लगातार महिनौंसम्म वर्षा भइरहँदा पनि यति ठुलो जनधनको क्षति व्यहोर्नुपरेको थिएन। सरकार र सम्बन्धित निकाय तथा कम्पनीले कस्तो खालको कमजोर सडक, पुल, बाटोघाटोलगायत भौतिक संरचना निर्माण गरेका रहेछन् र गरिरहेका छन् भन्ने कुराको बोध यसपटकको विपतले स्पष्ट पारिदिएको छ।

हाम्रो मुलुकमा हवाइ र सडक दुर्घटनाबारे पटक-पटक प्रश्न उठिरहेका छन्। तर, यहाँ हवाइ र सडक यातायातमा मात्र जोखिम देखिएको छैन, आजसम्म बनेका र बनिरहेका हरेक भौतिक संरचनामाथि प्रश्न खडा भएका छन्। तर, सरकार यस मामिलामा गम्भीर देखिएको छैन। राम्रो कामलाई प्रोत्साहन र पुरस्कृत गर्ने तथा गलत कार्यलाई सच्याउने र कारबाही गर्ने संस्कार छैन। कागजमै सीमित हुने परम्परा नै राज्यका लागि घातक छ। यस्तो कार्यले प्रश्रय पाउनुमा सबैभन्दा ठूलो रोग राज्यको तलदेखि माथिल्लो निकायसम्म व्याप्त भएको बेथिति र भ्रष्टाचार तथा कमिसनको खेल जिम्मेवार छ। जसले सर्वसाधारण नागरिकदेखि सिंगो मुलुक आजित छ। यसबाट मुलुकले कुनै किसिमले दीर्घकालीन निकास पाइरहेको छैन। यो दुर्भाग्यको विषय हो। यसपटकको विपत् जोखिमले राज्यको अनुहारलाई प्रस्ट पारेको छ।

काठमाडौंमा मेयर बालेन साहले पटक-पटक खोलानाला छेउछाउका बस्तीलाई वैकल्पिक व्यवस्थासहित खाली गर्नुपर्छ भन्दै आएका छन्। उता सर्वोच्च अदालतले पनि यस्तै खालको आदेश दिएको छ। तर, राज्यले न बालेनको सुन्यो, न त सर्वोच्चकै फैसनालाई आत्मसात् गर्न सक्यो। त्यसैले, बाढीपहिरो स्वयंले नै सिंगो राज्य र सर्वसाधारणलाई पाठ सिकाएर गएको छ। वास्तवमा राज्यले आजसम्म गरेको विकास, विकास थियो कि विनाश ? देखावटी थियो कि भ्रष्टाचारी ? भन्ने कुराको महसुस आम रूपमा हुन जरुरी छ। भ्रष्टाचारी र व्यभिचारी तथा मिडियाबाजहरूका लागि त यस्तो विपत् दसैं आएजस्तो भएको होला।

किनभने, उनीहरूलाई यस्तोमा कमाउ धन्दा गर्न सहज हुन्छ। हामीले कति सचेत र संवेदनशील तथा जिम्मेवार शासक पालिरहेका छौं भन्ने कुराको महसुस नागरिक स्वयंले नै गर्न जरुरी छ। मृतकलाई दुई-चार लाख राहत दिने, वैकल्पिक व्यवस्था नगर्ने, राहत दिनुको साटो आहत बनाउने तथा आफ्नो दायित्वबाट पन्छिने राज्यसंस्कृति गम्भीर छ। देशमा प्रधानमन्त्री भएको वा नभएको वेला आपत्कालीन अवस्थामा जिम्मेवार निकाय वा व्यक्तिले मन्त्रिपरिषद्को आपत्कालीन बैठक राखेर आवश्यक निर्णय लिने र गर्न सक्ने परम्परा छ।

तर, यस्तो विपत्‌को स्थितिमा त्यस्तो खालको पहलकदमी लिएको देखिएन। मौसमको पूर्वानुमान तथा सूचनालाई लत्याएर प्रधानमन्त्री केपी शर्मा ओली स्वयं संयुक्त राष्ट्र संघको महासभामा सहभागी हुन अमेरिका गए। कार्यक्रममा सहभागी भइसकेपछि पनि आपत्कालीन अवस्थामा स्वदेश फिर्ता हुनुभन्दा उनी उतै रमाए। कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले निर्णायक जिम्मेवारी पाएर वा नपाएर यस्तो आपत्कालीन अवस्थामा मन्त्रिपरिषद्को आपत्कालीन बैठक बसेर तत्काल राहत र उद्धार कार्यमा जुट्नुपर्ने थियो, तर, त्यस्तो चेतना उनमा रत्तिभर देखिएन। प्रधानमन्त्री देशबाहिर गएको वेला मुख्यसचिव उपत्यकाबाहिर जाने चलन छैन।

तर, मुख्यसचिव एकनारायण अर्याल राष्ट्रिय संकटको बेवास्ता गर्दै आफ्नो गृहजिल्ला स्याङ्जा पुगेर आफ्नो नामको सम्मान थाप्नमै व्यस्त भए भने कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले फोनसमेत उठाएनन्। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलसमेत विपत्कै दिन बेलायत पुगे। उनीहरूको यस्तो गैरजिम्मेवारीपनले के संकेत गरेको छ ? यो गैरजिम्मेवारीपनको पराकाष्ठाले सीमा नाघेको होइन ? कुरा त्यतिमा मात्र सीमित छैन। नेता र कर्मचारीबिच अर्थात् राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबिच कति ठूलो अन्तरविरोध छ र यसको मारमा सर्वसाधारण नागरिक कसरी पिल्सिइरहेका छन् भन्ने पनि यहाँ छर्लंग देखिएको छ। जो पटक-पटक उठिरहने विषय पनि हो।

विपत् जोखिम व्यवस्थापनका लागि सरकारले हरेक वर्ष विभिन्न तालिम र कार्यक्रममा अर्बौं रकम खर्च गर्छ, तर त्यस्तो तालिम विपत्‌का बेला केही पनि काम लागेको छैन। बरु गाउँघरका चणिकलाल तामाङहरूले आफ्नो ज्यानको बाजी थापेर राज्य र मानवताको बोध गराइरहेका हुन्छन् र देश जोगाइरहेका हुन्छन्। जसलाई राज्यको ढुकुटीमा रत्तिभर लोभ छैन। उनीहरूसँग सिर्फ मानवता छ। देश र देशप्रेमको भावना छ। दोस्रो कुरा, जताततै राज्यसितको सेटिङमा खुलेका क्रसर उद्योगको अवैध उत्खननले वर्षाको समयमा सबैभन्दा बढी विपत्जन्य जोखिम बढाएको छ। ठाउँ-ठाउँमा नदीनाला, वनजंगल र पहाड फुटाएर अवैध उत्खनन कार्य भइरहेको छ। तर, राज्य र सम्बन्धित निकाय मूकदर्शक मात्र देखिन्छन्। किनकि, उनीहरू घुस या कमिसनको मुख ताकेर बसिरहेका हुन्छन्।

यसरी प्राकृति सम्पत्तिको निजीकरण र दोहन तथा वनविनाशले गर्दा प्राकृतिक जोखिम मात्र बढाएको छैन, वातावरणीय हिसाबले मानवीय स्वास्थ्य र जीवनलाई समेत कमजोर बनाएको छ। यसबाट मान्छे दिनानुदिन आजित हुँदै गएको छ। यसको सबैभन्दा ठूलो रोग मुलुकको राजनीतिक व्यवस्थाको अस्थिरता नै हो। त्यसैले शासक, सरकार र सम्बन्धित निकाय बेलैमा जिम्मेवार बन्न जरुरी छ। यसखाले विकृति तथा विसंगतिलाई निर्मूल गरी सही व्यवस्थापन मिलाउन जरुरी छ। विपत् कमाउने अवसरका लागि होइन। जनतालाई लुटेर जनतामा राहत नामको भ्रम सिर्जना गरी आफ्नो निहित स्वार्थ पूर्ति गर्नका लागि होइन। चार हजारको हवाइ भाडालाई बीस हजार पुऱ्याउने, एक हजारको बस भाडालाई दुई हजार र सीमित रुपैयाँ पर्ने खाद्यान्नलाई सयौंको मूल्यमा बेच्नका लागि विपत् होइन। विपत्‌मा साँच्चै सेवा र सहयोगी भावनाको विकास गराउन राज्यसमेत जिम्मेवार हुनुपर्छ। विपत्‌का नाममा जनतालाई ठग्ने, कमाउ धन्दा चलाउने कार्यलाई प्रोत्साहन होइन, निरुत्साहित गरिनुपर्छ। यतिखेर संघीय राजधानीभित्रै र निकट गाउँ, सहरमा समेत राज्यको उपस्थिति नदेखेर विपत्‌ले राज्यलाई गिज्याइरहेको छ र पीडित राज्यको प्रतीक्षामा छन्।

नयाँ पत्रिकाबाट


## Sainamaina Municipality

**Office of Municipal Executive**

**Buddhanagar, Rupandehi**

# Invitation for Bids

Date of publication: 2081-06-23

1. Sainamaina Municipality invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office ofSainamaina Municipality, Buddhanagar, Rupandehi. Mailing address: sainamainamunicipality@gmail.com, telephone number: 071-440553or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of a non-refundable fee of Rs.3000, in account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   ***Information to deposit the cost of bidding document in Bank:***
   ***Name of the Bank: Agricultural Development Bank Ltd, Parroha Sakha***
   ***Name of Office: Sainamaina Municipality Office***
   ***Office Account no.: Internal Revenue Account***
   ***A/C No. 0414201659915011***
4. Pre-bid meeting shall be held at Sainamaina Municipality Office at 1:00 pm on 2081-07-14.
5. Electronic bids must be submitted to the office Sainamaina Municipalitythrough PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 noon on 2081-07-25. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 2081-07-25 at the office of Sainamaina Municipality. Bids must be valid for a period of 90days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of as mentioned below shall be deposited in the bank A/C no. 0414201149244015 of Agricultural Development Bank Ltd, Parroha Sakha which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Office of Sainamaina Municipality, Buddhanagar, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to award contract.

| Contract No. | Brief Description of Works | Estimated Cost(Without VAT and Cont) | Bid Security (Rs.) | Cost of Bid Document (Rs) |
|---|---|---|---|---|
| NCB/01/081-82 | Construction of Additional Storey in Dudhrakshya Health Centre | Rs.31,33,610.94 | 1,05,000 | 3000 |
| NCB/02/081-82 | Construction of Black Topped (Ashpalt Concrete) Road in Malika Tole | Rs.43,42,818.77 | 1,45,000 | 3000 |
| NCB/03/081-82 | Construction of Black Topped Road and Drain in Siddhartha Tole | Rs.43,48,177.53 | 1,45,000 | 3000 |
| NCB/04/081-82 | Construction of Blacktopped Road, Retaining wall & Causeway at Sainamaina 2 & 3 | Rs.35,43,368.06 | 1,15,000 | 3000 |
| NCB/05/081-82 | Upgrading of Ward Office Roads of Sainamaina 2,3,6 and Culvert Construction Works | Rs.35,59,077.76 | 1,15,000 | 3000 |
| NCB/06/081-82 | Construction of Bolbam Park Access Road and Other Infrastructures Works | Rs.1,24,41,808.08 | 4,10,000 | 3000 |
| NCB/07/081-82 | Rural Road Pavement Works including Drainage and Street Lights | Rs.87,54,117.72 | 2,90,000 | 3000 |

Chief Administrative Officer



## Tansen Municipality

**Office of the Municipality Executive**

**Tansen, Palpa**

**Lumbini, Province, Nepal**

# Invitation for Online Bids

Date of publication: 2081/06/23 (Oct09, 2024)

Tansen Municipality Office, Tansen,Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/eg

***Information to deposit the cost of bidding document in Bank:***
***Name of the Bank: RastriyaBanijya Bank Ltd., Palpa***
***Name of the Office: Tansen Municipality Office, Tansen, Palpa***
***Rajaswa Account No.: 3030100301010004***
***Bid Validity Period: 90 days***
***Bank details for Bid security ( If Cash deposit) :RanstriyaBanijya Bank, Palpa, A/C no. 3030100303000004.***

| S.N | Contract No. | Name of Project | Estimated Amount inclusive VAT, PS and contingency | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|---|
| 1 | TM/PLP/W/NCB/07/2081-082 | Ward no. 9 Ward Office Building Construction Work, Tansen-9, Palpa | 49,99,729.27 | 3000.00 | 1,25,000 | 2081/07/23 12.00 PM (Nov.08 2024) |
| 2 | TM/PLP/W/NCB/08/2081-082 | Road Upgrading work (Bhadrachaupari to RipahaKhola Road), Tansen-6, Palpa | 20,03,124.50 | 3000.00 | 50,000 | |
| 3 | TM/PLP/W/NCB/09/2081-082 | TalloKhallukbot Water Supply Project, Tansen-5, Palpa | 99,56,499.46 | 3000.00 | 2,50,000 | |

**Chief Administrative Officer**
**Tansen Municipality Office**

# सन्दिपको मुद्दा सधैंका लागि टुंगियो



बुटवल । क्रिकेटर सन्दीप लामिछाने मुछिएको बलात्कारसम्बन्धी मुद्दा अन्ततः सधैँका लागि टुंगिएको छ। उच्च अदालतले गरेको फैसलाविरुद्ध अब सर्वोच्चमा पुनरावेदन हुने छैन ।

महान्यायधिवक्ता कार्यालयले फैसलाको पूर्णपाठमा चित्त बुझाएर पुनरावेदन नगर्ने निर्णय गरेसँगै यो मुद्दाको फाइल बन्द भएको हो । उच्च अदालतले सन्दीपलाई पूर्णरूपमा सफाइ दिएको थियो । उक्त फैसलाविरुद्ध सर्वोच्च जाने अन्तिम विकल्प सरकारसँग भए पनि त्यो आवश्यक नरहेको निष्कर्ष महान्यायाधिवक्ता कार्यालयले निकालेको छ।

उच्च सरकारी वकिल कार्यालयले फैसलामाथि पुनरावेदन गर्न महान्यायाधिवक्ता कार्यालयलाई राय दिएको थियो । तर, महान्यायधिवक्ता कार्यालयले फैसलाको पूर्णपाठ पुनरावेदनमा जानु उपयुक्त ठानेन। सरकारवादी हुने कसुरमा मुद्दा चलाउने-नचलाउने र पुनरावेदन गर्ने-नगर्ने अन्तिम अधिकार महान्यायधिवक्ता कार्यालयलाई हुन्छ।

महान्यायधिवक्ता कार्यालयका प्रवक्ता सूर्यराज दाहालले सन्दीपको मुद्दा अब समाप्त भएको बताए।

एकपटक महान्यायाधिवक्ता कार्यालयले पुनरावेदन गर्ने/नगर्ने निर्णय गरिसकेपश्चात् त्यही नै अन्तिम हुने दाहाल बताउँछन्।

उच्च अदालतको फैसला बुझेको बढीमा एक सय दिनभित्र पुनरावेदन गर्नुपर्ने हदम्याद हुन्छ । सन्दीपले पूर्णरूपमा सफाइ पाएकाले यो मुद्दामा उनी पुनरावेदनमा जानुपर्ने आवश्यकता थिएन । जाहेरीकर्ता गौशाला २६ स्वयम्ले पनि फैसलाको पूर्णपाठ आएपश्चात् मुद्दालाई थप नलम्ब्याउने निर्णय लिएकी थिइन्। उनले सरकारी वकिल कार्यालयलाई फैसलामाथि पुनरावेदन नगर्न आग्रह गर्दै निवेदनसमेत दिएकी थिइन्। उनको निवेदनका कारण पनि कार्यालयलाई पुनरावेदनमा जान सहज थिएन। यसअघि जिल्ला अदालत काठमाडौंले जाहेरीकर्ता नाबालिग नरहेको ठहऱ्याए पनि सन्दीपले बलात्कार गरेको भन्दै ८ वर्षको कैद सजाय सुनाएको थियो । उक्त फैसलाविरुद्ध वादी र प्रतिवादी दुवैले उच्चमा पुनरावेदन गरेका थिए। उच्च अदालतमा सरकारी पक्ष बलात्कारको दाबीमा समेत हाऱ्यो।

२०७९ सालमा सन्दीपविरुद्ध बलात्कारको जाहेरी परेको थियो । त्यसको झन्डै एक महिनापछि उनलाई विदेशबाट फर्कनेक्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले पक्राउ गऱ्यो। सन्दीपलाई हत्कडी लगाएर लगिएको थियो।

थुनछेकको आदेशबाट कारागार चलान भएका सन्दीपले त्यसविरुद्ध पाटन उच्च अदालतमा पुनरावेदन गरेका थिए। पाटन उच्च अदालतले उनलाई २० लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश गऱ्यो । बाहिर आएलगत्तै उनलाई क्यानले निलम्बन फुकुवा गरी राष्ट्रिय टोलीमा फिर्ता ल्यायो । उनले घरेलु मैदानमा भएको विश्वकप लिग-२ शृंखला खेलेका थिए र उत्कृष्ट प्रदर्शन गरेका थिए।

उच्चले सन्दीपलाई विदेश यात्रा गर्न भने रोक लगाएको थियो। उक्त आदेशविरुद्ध सन्दीप सर्वोच्च अदालत पुगे। सर्वोच्चले उनलाई शर्तसहित विदेश जान पनि अनुमति दियो । त्यसपछि उनले विदेशमा गएर पनि राष्ट्रिय टीमबाट खेलेका थिए। जिल्ला अदालतले दोषी ठहर गरेपछि भने उनले आफैँ राष्ट्रिय टोलीबाट अलग भएको घोषणा गरेका थिए।

उच्चले सफाइ दिएपछि सन्दीप फेरि राष्ट्रिय टीममा जोडिए। अहिले उनी नेपाली टीमसँगै क्यानाडामा छन्। क्यानाडापछि नेपालले अमेरिकामा खेल्नेछ। तर, अमेरिकी दूतावासले सन्दीपलाई अझैँ पनि भिसा दिएको छैन।

# २७ अंकले घट्यो नेप्से



काठमाडौँ। शेयर बजार परिसूचक (नेप्से) मंगलबार २७ दशमलव ३९ अंकले घटेको छ । साताको तेस्रो कारोबार दिन बजार परिसूचकमा सो बराबरको गिरावट हुँदा बजार परिसूचक २ हजार ६ सय ६३ दशमलव ३२ अंकमा झरेको हो । बजारमा ४ अर्ब ५९ करोड रुपैयाँ बराबरको कारोबार भएको छ।

बजारमा २ सय ४४ कम्पनीको शेयर कारोबार हुँदा २ सय ७ कम्पनीको मूल्य घटेको छ। ३५ कम्पनीको मूल्य बढ्दा २ कम्पनीको मूल्य स्थिर रहेको देखिएको छ।

परिसूचकमा उच्च गिरावट हुँदा बजारमा १३ मध्ये १२ वटा उपसूचकमा गिरावट आएको छ। म्युचुअल फण्ड उपसमूह भने आन स्थिर रहेको छ। बजारमा सबैभन्दा धेरै गिरावट फाइनान्स कम्पनी उपसमूहको २.७६ प्रतिशतले भएको छ । बैंकिङ र माइक्रोफाइनान्स उप-समूहबाहेक बाँकी सबै उपसमूहका परिसूचकहरू एक प्रतिशतभन्दा धेरैले घटेको छ।

बजारमा सेयरमूल्य बढेका कम्पनीमध्ये मध्य सोलु हाइड्रोपावरको मूल्य १० प्रतिशतले बढेको छ। सर्वाधिक मूल्य घटेको इस्टर्न हाइड्रोपावरका लगानीकर्ताले ८.५ प्रतिशत मूल्य गुमाएका छन्। बजारमा एनएलजी इन्स्योरेन्स कम्पनीको सर्वाधिक २७ करोड रुपैयाँ बराबरको कारोबार भयो। कारोबार सत्ख्याको आधारमा भने नेपाल फाइनान्स सबैभन्दा अगाडि भयो। गिरावटसँगै बजार पुँजीकरण ४३ अर्बले घटेर ४२ खर्ब ३५ अर्ब रुपैयाँमा झरेको छ।


**मध्यविन्दु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

**क्याटलग/ब्रोसर सपिङ विधिबाट खरिद सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/२३**

यस कार्यालयको आ.व.२०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमको कृषि यन्त्र सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा ८ को उपदफा १ (क) ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्ता कृषि यन्त्र उपकरण उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम कृषि यन्त्र उपकरणको उत्पादक वा आधिकारिक बिक्रेताहरुबाट कृषि यन्त्र उपकरण बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सोको अद्यावधिक नवीकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त कृषि यन्त्र सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहितको विवरण, क्याटलग वा ब्रोसर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र कार्यालय समयमा निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम आह्वान गरिएको छ। सोसंग सम्बन्धित Technical Specification सम्बन्धी विवरण कार्यालयको www.madhyabindumun.gov.np बाट प्राप्त गर्न सकिने छ।

| क.स. | संक्षिप्त विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | Combined Harvester | १ | यहाँ नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ। |

प्रमुख प्रशासकीय अधिकृत



**Lumbini Province Government**
**Ministry of Urban Development and Water Supply**
## Urban Development and Building Office, Rupandehi

## Invitation for Bid: IFB/05/UDB-RUP/081-82

Date of Publication:09/10/2024

Urban Development and Building Office, Rupandehi invites bids for the construction of following works under NCB/SQ Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp . All eligible bidders are requested to submit bid by electronic only with the requested documents within the mentioned period. For more information, please visit https://udborupandehi.lumbini.gov.np/

| S. N. | Contract ID No. | Work Description | Bid Security Amount, NRs | Bid Document Fee, NRs | Estimate Amount (without VAT & Contingency), NRs | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | UDB-RUP/34701014 /NCB/081-82/81 | Upgrading of Roads from Damodar kunda to Mulpani Samudayik Ban at Sunwal-04,Weast Nawalparasi | 105000.00 | 3000.00 | 4238674.36 | |
| 2 | UDB-RUP/34701014 /NCB/081-82/82 | Construction of Drain at Mini-Bankatti, Sunwal-05,Weast Nawalparasi | 65000.00 | 3000.00 | 2563557.94 | |
| 3 | UDB-RUP/34701014 /NCB/081-82/83 | Upgrading of Road and Drain at Ekata Marga(west side of Bapayar Petrol pump), Butwal-3,Rupandehi | 65000.00 | 3000.00 | 2563861.53 | |
| 4 | UDB-RUP/34701014 /NCB/081-82/84 | Construction Work of Drain and Blacktop Raod at Sagarmatha Path,Tilottama-3,Rupandehi | 65000 | 3000.00 | 2563562.11 | |
| 5 | UDB-RUP/34701014 /NCB/081-82/85 | Construction Work of Road and Drain at Sakriya Tole Durga Path,Butwal-12,Tamnagar,Rupandehi | 55000 | 3000.00 | 2136576.39 | |
| 6 | UDB-RUP/34701014 /SQ/081-82/86 | Construction Work of Urban Infrastructures at Shiva Shree Path ,Butwal-13,Belbas,Rupandehi | 45000 | 1000 | 1709153.63 | |
| 7 | UDB-RUP/34701014 /SQ/081-82/87 | Construction Work of Urban Infrastructure at Nayagaun Ma.Vi.Chowk to South Way to Hat Bazar(Jyoti Path) Butwal-12,Nayagaun,Rupandehi | 45000 | 1000 | 1708689.45 | |
| 8 | UDB-RUP/34701014 /SQ/081-82/88 | Construction Work of Urban Infrastructures Sujata Path at South Side of Lamsal Petrolpump Nayagaun ,Butwal-12,Rupandehi | 45000 | 1000 | 1709113.56 | |
| 9 | UDB-RUP/34701014 /SQ/081-82/89 | Construction Work of Urban Infrastructure at Supadeaurali Path and Satyawati Path(Salghari Sainek Tole) ,Butwal-13,Belbas,Rupandehi , Butwal-13,Belbas,Rupandehi | 45000 | 1000 | 1706737.66 | |
| 10 | UDB-RUP/34701014 /SQ/081-82/90 | Construction Work of Urban Infrastructure at Dhakal Path NayaGaun,Butwal-12,Rupandehi | 45000 | 1000 | 1708782.79 | |
| 11 | UDB-RUP/34701014 /SQ/081-82/91 | Construction Work of Road at Addhapptan Path,Butwal-4,Rupandehi | 45000 | 1000 | 1739129.90 | |
| 12 | UDB-RUP/34701014 /SQ/081-82/92 | Construction work of Urban Infrastructure at Sapkota Path(Nayagaun Tole Bikas Sanstha), Butwal-12,Nayagaun,Rupandehi | 45000 | 1000 | 1709121.88 | |
| 13 | UDB-RUP/34701014 /SQ/081-82/93 | Construction Work of Road(Sahari Purbadhar) at Shanti Marga(Hariharpur Tole Bikash Sanstha) to South Ward no. 18 ,Butwal-17,Rupandehi | 35000 | 1000 | 1281948.31 | |
| 14 | UDB-RUP/34701014 /SQ/081-82/94 | Upgrading of Road and Drain at Ganesh Path, Butwal-3,Rupandehi | 35000 | 1000 | 1281717.66 | |
| 15 | UDB-RUP/34701014 /SQ/081-82/95 | Upgrading of Road at Khadka Path at Butwal-12,Nayagaun,Rupandehi | 35000 | 1000 | 1281664.70 | |
| 16 | UDB-RUP/34701014 /SQ/081-82/96 | Construction Work of Urban Infrastructures at Surya Path Butwal-12,Rupandehi | 25000 | 1000 | 869459.59 | |

Office Chief



# Binayi Tribeni Rural Municipality

## Office of Rural Municipal Executive

## Nawalparasi (East of BardghatSusta), Dumkibas

## Gandaki Province, Nepal

# Invitation ForOnlineBids

**Date of publication: 2081/06/23, (9th, Oct, 2024)**

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following goods under National Competitive Bidding procedures.

| S.N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 02/BTRM/ NCB/Goods/ 2081-082 | Procurement of medicines for basic and emergency health care | 3132297.3 | 93,000.00 | 3000.00 | 2081/07/23 (8th, Nov, 2024) Before 12:00 | 90 Days | 2081/07/14 (30th, Nov, 2024) at 1:00 PM | 2081/07/23 (8th, Nov, 2024) After 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**CHIEF ADMINISTRATIVE OFFICER**

# आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन

काठमाडौं । सरकारले उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेको छ ।

अर्थ मन्त्रालयको प्रस्तावमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले नेपाल सरकारका पूर्वअर्थसचिव रामेश्वर खनालको अध्यक्षतामा विज्ञहरुको पाँच सदस्यीय आयोग गठन गरेको हो ।

आयोगका सदस्यहरुमा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्राडा. रामप्रसाद ज्ञवाली, अर्थविद् डा. विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनाल रहेका छन् ।

आयोगले आवश्यकता अनुसार निजी क्षेत्रलगायत अर्थतन्त्रका विविध पक्षहरुसँग परामर्श समेत गर्नेछ ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आयोगले सबै पक्षसँग परामर्श र छलफल गरी नेपालको अर्थतन्त्रलाई परिवर्तित समयअनुसार गतिशिल बनाउँदै सही मार्गमा अघि बढाउन आवश्यक सुझावहरु दिने विश्वास व्यक्त गरे ।

अर्थ मन्त्रालयले एक सय दिनमा सम्पन्न गर्ने कार्यहरुको सूचीमा उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गर्ने बुँदा पनि समावेश थियो ।

आयोगले कार्यविधि आफैं बनाउनेछ ।

## 'चर्को घरभाडा र करले बुटवलका व्यवसायी संकटमा'




बुटवल । बुटवल बजारलाई थप गुल्जार बनाउन यहाँ क्रियाशिल सामाजिक संघ संस्थाहरूको भूमिका महत्वपूर्ण रहेको सरोकारवालाहरूले बताएका छन् ।

विजया दशमी, शुभ दिपावली, नेपाल संवत, छठलगायतका चाडपर्वको अवसरमा सामाजिक सञ्जालद्वारा मंगलबार बुटवलस्थित हैदरावादी दम बिरयानी सेन्टरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा सहभागी विभिन्न पेशागत तथा व्यवसायिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले उक्त कुरा बताएका हुन् ।

व्यवसायीहरूलाई परेका समस्याको विषयमा छलफल गरी समस्या समाधानको प्रयास गर्ने उद्देश्यले सामाजिक सञ्जाल बुटवल रूपन्देही संस्था गठन गरिएको भन्दै उनीहरूले पछिल्लो समय सुस्ताएको सञ्जाललाई थप क्रियाशील बनाउनुपर्नेमा जोड दिए ।

घरभाडालगायतका समस्याका कारण पछिल्लो समय बुटवलको व्यापार व्यवसाय खस्किदै गएकोमा चिन्ता व्यक्त गर्दै उनीहरूले बुटवललाई चलायमान बनाउन सरोकारवाला निकायहरूबिच निरन्तर समन्वय र छलफल गर्नुपर्ने आवश्यकता औंल्याए ।

होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रूपन्देहीका अध्यक्ष लेखनाथ भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा घरेलु तथा साना उद्योग व्यवसायी ध्रुबकुमार धिताल, पश्चिमाञ्चल पेट्रोलियम डिलर एशोसिएसन अध्यक्ष हिमाल गैरे, जनमत सञ्चार केन्द्र नेपालका अध्यक्ष प्रकाश खनाल, अग्रज पत्रकार हरिश ढकाल, मासु व्यवसायी संघ रूपन्देहीका अध्यक्ष विशाल थापा, औषधि व्यवसायी बुद्धि ज्ञवाली, विद्युतीय व्यवसायी यज्ञप्रसाद गैरे, घरबहाल सरोकार संघ रूपन्देहीका उपाध्यक्ष टुकलाल न्यौपाने, अटो व्यवसायी प्रेम गौचम, हैदरावादी बिरयानी बुटवलका सञ्चालक जनक खड्का, ई-रिक्सा व्यवसायी कृष्णप्रसाद तिवारी, रूपन्देही डेरी व्यवसायी संघका रामकृष्ण शर्मा, मोबाइल व्यवसायी विष्णु ज्ञवालीलगायतले बुटवललाई थप गुल्जार बनाउन तथा एक संस्थालाई परेका समस्या समाधानका लागि सञ्जालले भूमिका खेल्नुपर्नेमा जोड दिए । पछिल्लो समय बुटवल उप-महानगरले मासु व्यवसायीमाथि अनुगमन आतंक मच्चाएर व्यवसायीलाई विस्थापित गर्न खोजेको भन्दै यसविरुद्ध सञ्जालले विरोध जनाउने बताए ।

## हुप्सेकोटका महिलाले बेचे एक करोड बढीको खसीबोका

**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरको हुप्सेकोटमा रहेको लेकबेशी सामाजिक महिला उद्यमी सहकारी संस्थाले दसैं लक्षित गरेर खसी बोका बिक्री सुरु गरेको छ ।

गाउँघरका अन्य मानिसलाई दसैंको किनमेल गर्न, घर आँगन सरसफाइ गर्न, रंग रोगन गर्न भ्याई नभ्याई भए झैं हुप्सेकोटका महिलाहरुलाई भने अहिले दशैंको लागि खसी बोका बिक्री गर्न भ्याई नभ्याई भएको छ ।

गाउँबाट सखीबोका खरीद गरेर हुप्सेकोटको झ्यालबासमा रहेको लेकबेंशी सामाजिक महिला उद्यमी सहकारीले बजारसम्म खसीबोका पुऱ्याउने गर्दछ । यहाँ ठूला व्यापारीदेखि साना व्यापारी तथा स्थानीय बासिन्दाहरु पनि खसीबोका खरिदका लागि आउने गरेको सहकारीका अध्यक्ष नुनमाया थापा मगरले जानकारी दिइन ।

त्यहाँ उत्पादित खसी बोका व्यवसायिक रुपमा राखिएका भने होइनन् । गाउँघरमा उत्पादित खसीबोकाहरु दसैं खर्च जोह गर्नका लागि गाउँगाउँबाट ल्याएर बिक्री गरिएको हुप्सेकोट ६ का किसान एवम् बराजु आधारभूत विद्यालय भडारीका प्रधानाध्यापक हिराबहादुर सारूले बताए ।

गाउँमा उत्पादित खसीबोका बजार सम्म पुऱ्याउनका लागि लेकबेसी सामाजिक महिला उद्यमी सहकारीले विगत १ दशक अघिदेखि बजार व्यवस्थापनको काम गर्दै आएको छ ।

सुरुसुरुमा व्यापारीहरुलाई खोजी खोजी बोलाउन पर्ने वा खबर गर्नु पर्नेमा अहिले भने व्यापारीहरु सहकारीमा खसी बोका लिन आउने गरेको सहकारीका व्यवस्थापक सुशिला परियारले बताइन ।

सहकारीका व्यवस्थापक सुशिला परियारले अहिले आफूहरुलाई भ्याई नभ्याई भएको बताइन ।

यस पटकको दसैंमा १ हजार खसीबोका बिक्री गर्ने लक्ष्य राखेको यो सहकारीले आजसम्म ८ सय बढी खसीबोका बिक्री गरिसकेको सहकारीका व्यवस्थापक सुशिला परियारले जनाइन । उनले अहिलेसम्मको मोटामोटी तथ्यांक हेर्दा मंगलबार दिउँसोसम्ममा करिब १ करोड बढीको खसी बोका बिक्री गरेको जानकारी दिइन् ।

यो सहकारीले गाउँगाउँबाट किसानहरुले उत्पादन गरेको खसी बोका सहकारीमा ल्याउने र सहकारीबाट व्यापारी र स्थानीयलाई बिक्री गर्ने गर्दछ । त्यसका लागि सहकारीले हरेक खसीबोकाबाट प्रतिकिलोमा ५ देखि १० रुपैयाँ व्यवस्थापन शुल्क लिने गरेको छ ।

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली, नेपाल संवत तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण उपभोक्ता महानुभावहरु, संस्थाका पदाधिकारी, कार्यसमिति सदस्यहरु, सल्लाहकारहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गुमान सिंह कुँवर
अध्यक्ष (तथा)
देवदह खानेपानी तथा सरसफाई उपभोक्ता संस्था परिवार देवदह, रुपन्देही

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डिलाराम पौडेल — प्रिन्सिपल
राम बहादुर चौधरी — अध्यक्ष (तथा)
सिद्धार्थ स्मारक मा.वि.परिवार
बुद्धभूमि-१, भेलाई, कपिलवस्तु

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
निरा थापा — प्रिन्सिपल
दीपक प्रसाद भुषाल — अध्यक्ष (तथा)
सिद्धार्थ गौतम बुद्ध मेमोरियल इङ्ग्लिश बोर्डिङ्ग स्कूल परिवार
बुद्धभूमि-४, बुड्डी, कपिलवस्तु

रैनादेवी छहरा गाउँपालिकाको अनुरोध
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।
कृष्ण तिमिल्सिना — प्रमुख प्रशासकीय अधिकृत
रुक्मागत भट्टराई — अध्यक्ष (एवम्)
रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाल्पा लुम्बिनी प्रदेश, नेपाल

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मानकुमारी गिरी — प्रबन्धक
दीपक बस्नेत — अध्यक्ष (तथा)
साना किसान कृषि सहकारी संस्था लि.परिवार
बाणगंगा-९,भलवाड, कपिलवस्तु

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हार्दिक शुभकामना
नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण उपभोक्ता महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राधा भुषाल शर्मा — लेखापाल
रेन बहादुर रेस्मी — कोषाध्यक्ष
लोकमाया कंडेल — उपाध्यक्ष
सत्यनारायण थारु — अध्यक्ष
बैजलपुर जनकल्याण सामुदायिक वन उपभोक्ता समूह परिवार
बाणगंगा-२, कपिलवस्तु

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com